बैठक संख्याः

श्रीः

आज मिति २०७६ साल चैत्र १९ गते विहानको १०:३० बजेट प्रमुख श्री धीरज शर्मा बस्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिती तथा भएका निर्णयहरु यस प्रकार छ ।

उपस्थिति

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्रीः धीरज शर्मा बस्याल प्रमुख | प्रमुख |
| २. | | श्रीः मायादेवी पौडेल उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्रीः मोतिलाल सुनार वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ४. | | श्रीः दया दर्लामी वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ५. | | श्री रुद्र प्रसाद न्यौपाने वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ६. | | श्रीः रविन्द्रविक्रम हमाल वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ७. | | श्रीः रेश्मीराज भट्टराई वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| ८. | | श्रीः रोहीत थारु वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ९. | | श्रीः धुव थारु वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १०. | | श्रीः कविराज आचार्य वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| ११. | | श्रीः चन्द्रकान्त चापागाई वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १२. | | श्रीः राजु मिश्र वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १३. | | श्रीः तीर्थराज फौज्दार वडाध्यक्ष, वडा नं. ११ | सदस्य |
| १४. | | श्रीः मानबहादुर मल्ल वडाध्यक्ष, वडा नं. १२ | सदस्य |

| | | | |
|---|---|---|---|
| १५. | | श्री: नर बहादुर चौधरी वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १६. | | श्री: केशवबहादुर खत्री क्षेत्री वडाध्यक्ष, वडा नं. १४ | सदस्य |
| १७. | | श्री: बलबहादुर बलाल वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १८. | | श्री: सुक बहादुर गुरुंग वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| १९. | | श्री: ईशा सुनार | सदस्य |
| २०. | | श्री: अम्बिका देवी उपाध्याय | सदस्य |
| २१. | | श्री कविता रायमाझी | सदस्य |
| २२. | | श्री: बुद्धिमाया सुनार | सदस्य |
| २३. | | श्री: प्रतिमाकुमारी चौधरी | सदस्य |
| २४. | | श्री: वेचन प्रसाद ठाकुर (॥हजाम) | सदस्य |
| २५. | | श्री: लल्लन प्रसादविन | सदस्य |
| २६. | | श्री: लुकुडी चमार | सदस्य |
| २७. | | श्री: मेघ नाथ पाध्या | सचिव |
| | | व्यवस्थापन टोली | |
| २९. | | श्री विष्णु लाल पुरी | लेखा अधिकृत |
| ३१ | | कृष्ण वहादुर थापा क्षेत्री | सहायक पाँचौ |

**प्रस्तावहरु:**

१. लकडाउन सम्बन्धि जानकारी गराउने सम्बन्धमा ।
२. राहत वितरण सम्बन्धमा ।
३. "बर्दघाट नगरपालिकाको राहत सामाग्री वितरण सम्बन्धी कार्यविधि, २०७६" सम्बन्धमा ।
४. उपचार खर्च सम्बन्धमा ।
५. राहत सामाग्री सम्बन्धमा ।
६. सेवा सुविधा र तलव रकम कट्टा सम्बन्धमा ।
७. आवश्यक व्यवस्थापन सम्बन्धमा ।
८. समन्वय अमुमति लिने सम्बन्धमा ।
९. वडा तहमा आपूर्ति समिति गठन सम्बन्धमा ।
१०. निर्णय कार्यान्वय सम्बन्धमा ।

*निर्णय नं. १*

प्रस्ताव नं. १ माथि छलफल गर्दा नोभेल कोरोना भाइरस COVID-19 संक्रमण, रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले २०७६ चैत्र २५ गते सम्म लकडाउन समेत गरेकोले सो अवधि सम्मका दिनहरुमा आ–आफ्नो वडा बासीहरु तथा नगरबासी सबैलाई लकडाउन पूर्ण पालना गर्नमा सहयोग पुर्याई पूर्णपालना गर्न अनुरोध गर्ने निर्णय गरियो ।

*निर्णय नं.२*

प्रस्ताव नं. २ माथि छलफल गर्दा नोभेल कोरोना भाईरस COVID-19 को माहामारीले गर्दा लकडाउनको समय बढेकाले यस नगरका अति विपन्न नागरिक, श्रमिक, मजदुर कार्यका लागि राहात पयाकेज सामाग्री चामल १० के.जी. तेल १ लिटर दाल २ के.जी., नुन १ पोका प्रति ५ जना हुने गरि एक परिवारलाई प्याकेजका दरले वितरण प्रणाली अपनाई वितरण गर्ने र राहत पाउनेको यथार्थ घर परिवार संख्या सम्बन्धित वडा अध्यक्ष, वडा समिती तथा वडा कार्यालयले उपलब्ध गराउने निर्णय गरियो ।

*निर्णय नं. ३*

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको "बर्दघाट नगरपालिकाको राहत सामाग्री वितरण सम्बन्धी कार्यविधि, २०७६" उपर छलफल गरी स्वीकृती गर्ने निर्णय गरियो ।

*निर्णय नं.४*

प्रस्ताव नं. ४ माथि छलफल गर्दा कोरोना भाईरस माहामारी रोकथाम तथा नियन्त्रणका लागि खटिने स्वास्थ्य कर्मचारी, डाक्टर, नगरप्रहरी, जनप्रतिनिधि, कर्मचारीहरु सो अवधिमा विरामी भई उपचार गराउनु पर्दा सम्पूर्ण उपचार खर्च नगरपालिकाले व्यहोर्ने निर्णय गरियो ।

*निर्णय नं.५*

प्रस्ताव नं. ५ माथि छलफल गर्दा कोरोना भाईरस महामारी रोकथाम तथा नियन्त्रणको लागि आवश्यक पर्ने औषधी, सामग्री, क्वारेन्टाईन, हेल्थडेक्स, आईसोलेसन व्यवस्थापनका लागि चाहिने सुरक्षा सामग्री, औषधी र अति विपन्न नागरिक तथा ज्याला मजदुरी गर्ने वर्गका लागि अति

आवश्यक राहत प्याकेज (चामल, दाल, तेल,नुन) लगायतका आवश्यक सामग्री व्यवस्थापनका लागि नगरपालिकाको प्रकोप व्यवस्थापन कोषबाट खर्च गर्दै जाने निर्णय गरियो ।

*निर्णय नं.६*

प्रस्ताव नं. ६ माथि छलफल गर्दा कोरोना भाईरस (कोभिड १९) माहामारी संक्रमण, रोकथाम तथा नियन्त्रणका लागि यस नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरुले १५ (पन्ध्र) दिन बराबरको सेवा सुविधा वापतको रकमबाट हुन आउने रकम र नगरपालिकाका निजामती, स्थानीय तहमा (नगरपालिकामा) कार्यरत, स्वास्थ्य क्षेत्र, विद्यालयमा कार्यरत शिक्षक शिक्षिका सबै कर्मचारीहरुको नेपाल सरकारको मूख्य सचिवस्तरीय निर्णयानुसार ७ (सात) दिन, ५ (पाच) दिन र ३ (तीन) दिन बराबरको तलबबाट हुन आउने रकम कट्टा गरी बर्दघाट नगरपालिकाको प्रकोप व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय गरियो ।

*निर्णय नं.७*

प्रस्ताव नं. ७ माथि छलफल गर्दा कोरोना भाइरस माहामारीको समयमा कार्यस्थलमा खटिने कर्मचारीहरुको आवश्यक व्यक्तिगत सुरक्षा सामग्री लगायतको आवश्यक व्यवस्था व्यवस्थापन समितिबाट गर्ने निर्णय गरियो ।

*निर्णय नं. ८*

प्रस्ताव नं. ८ माथि छलफल गर्दा नेपाल सरकारको निर्णयानुसार राहत वितरण एकद्धार प्रणाली मार्फत सम्बन्धित स्थानीय तह, वडा कार्यालय एकद्धार प्रणालीबाट वितरण गर्न र राहतका लागि सामाग्री, नगद तथा अन्य रकम नगरपालिकाको प्रकोप व्यवस्थापन कोषमा जम्मा गर्ने गरि व्यवस्थापन गरिएकाले नगरपालिका तथा वडा कार्यालयसँग समन्वय अनुमति नलिई वितरण नगर्न सम्बन्धित वडा कार्यालयहरुले सबै वडा बासीहरुलाई जानकारी गराई अनुगमन गरी नियन्त्रण गर्ने निर्णय गरियो ।

*निर्णय नं. ९*

प्रस्ताव नं. ९ माथि छलफल गर्दा आपूर्ति व्यवस्थापनलाई सहज बनाउन प्रत्येक वडाका वडाअध्यक्षको संयोजकत्वमा स्थानीय प्रहरीको प्रतिनिधीत्व हुने गरी समिति गठन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

*निर्णय नं. १०*

प्रस्ताव नं. १० माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मितिः २०७६/१२/१९ को पत्रबाट नोभेल कोरोना भाइरस (कोभिड-१९) महामारी रोकथाम नियन्त्रण सम्बन्धी कार्यमा संलग्न निर्णय नं. ०८ मा उल्लेखित बुँदा अनुसारको भत्ता सुविधा उपलब्ध गराउने निर्णय गरियो ।